नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४२ मिति :- २०६७/५/१

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू एवं इजाजतपत्र प्राप्त मनिचेञ्जरहरू ।

विषय :- विदेशी मुद्राको खरीद बिक्री कारोवार सम्बन्धमा ।

महाशय,

विदेशी मुद्राको खरीद बिक्री कारोवारका सम्बन्धमा निम्न बमोजिमको व्यवस्था गरिएको हुँदा सो अनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू आफैले परिवर्त्य विदेशी मुद्राहरूको विनिमय दर तोक्न सक्नेछन् ।

२. भारतीय रुपैयाँको विनिमय दर यस बैंकले तोके बमोजिम हुनेछ ।

३. बैंक/वित्तीय संस्थाहरूले आ-आफूले निर्धारण गरेको विनिमय दरमा परिवर्त्य विदेशी मुद्राको र यस बैंकबाट निर्धारित विनिमय दरमा भारतीय रुपैयाँको खरीद बिक्री कारोवार अन्तर बैंक/वित्तीय संस्था खरीद/बिक्री तथा कर्जा सापट लगायतका कारोवार गर्न सक्नेछन् ।

४. परिवर्त्य विदेशी विनिमय दरहरूमा हुने थपघटको कारणबाट कारोवारमा हुनसक्ने कुनै पनि किसिमको लाभ हानी सम्बन्धित बैंक/वित्तीय संस्थाहरूकै हुनेछ । तर, भारतीय रुपैयाँको विनिमय दरको थपघटबाट हुने लाभ हानीको मिलान प्रचलित व्यवस्था बमोजिम गरिनेछ ।

५. यस बैंक र इजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्थाहरूबीच परिवर्त्य विदेशी मुद्राको खरीद/बिक्रीको कारोवार सामान्यतया अमेरिकी डलरमा मात्र हुनेछ ।

६. बैंक/वित्तीय संस्थाहरूले नगद परिवर्त्य विदेशी मुद्रा खरीद/बिक्री कारोवार गर्दा देहाय बमोजिमको दर कायम गर्नु पर्नेछ :-

(क) अमेरिकी डलर ५० (पचास) र सोभन्दा माथि वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्राको नगद नोट खरीद गर्दा कुनै किसिमको शुल्क, कमिशन आदि लिन पाइने छैन ।

(ख) अमेरिकी डलर ५० (पचास) भन्दा कम दर र सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्राको नगद नोट खरीद गर्दा सेवा शुल्कको रुपमा अधिकतम ०.५० (शून्य दशमलव पाँच) प्रतिशत मात्र लिन पाइनेछ ।

(ग) परिवर्त्य विदेशी मुद्राको नगद नोट प्रचलित विनिमय दरमा विक्री गर्दा कुनै किसिमको कमिशन, शुल्क आदि लिन पाइने छैन ।

(घ) परिवर्त्य विदेशी मुद्राको ट्राभलर्स चेक प्रचलित विनिमय दरमै खरीद/बिक्री गर्नु पर्नेछ । यसरी खरीद/ बिक्री गर्दा आ-आफ्नो निर्धारित व्यवस्था बमोजिम ह्याण्डलिङ्ग चार्ज लिन सकिनेछ ।

७. यस बैंकबाट इजाजतपत्र प्राप्त गरेका मनिचेञ्जरहरूले नगद परिवर्त्य विदेशी मुद्रा खरीद/ बिक्री कारोवार गर्दा देहाय बमोजिमको दर कायम गर्न सक्ने छन् :-

(क) अमेरिकी डलर ५० (पचास) र सोभन्दा माथि वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्राको नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतसम्म कम गरी खरीद दर कायम गर्न सक्ने छन् ।

(ख) अमेरिकी डलर ५० (पचास) भन्दा कम दर र सो बराबर हुने परिवर्त्य विदेशी मुद्राको नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा १ (एक) प्रतिशतसम्म कम गरी खरीद दर कायम गर्न सक्ने छन् ।

(ग) परिवर्त्य विदेशी मुद्राको नगद नोट बिक्री गर्दा कुनै किसिमको कमिशन, शुल्क आदि लिन पाइने छैन ।

क्रमशः

(घ) परिवर्त्य विदेशी मुद्राको ट्राभलर्स चेक बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमै खरीद/बिक्री गर्नु पर्नेछ । यसरी खरीद/ बिक्री गर्दा आ-आफ्नो निर्धारित व्यवस्था बमोजिम ह्याण्डलिङ्ग चार्ज लिन सकिनेछ ।

(ङ) नगद भारतीय रुपैयाँ खरीद गर्दा यस बैंकबाट निर्धारित दरमा खरीद गर्नु पर्नेछ र बिक्री गर्दा भने भारतीय रुपैयाँ १००।-(एक सय) मा बढीमा -।४० (चालीस) पैसा सम्म सेवा शुल्कको रुपमा लिई बिक्री गर्न सकिनेछ ।

८. बैंक/वित्तीय संस्थाहरू र मनिचेञ्जरहरूले आ-आफ्नो मौज्दातको नगद परिवर्त्य विदेशी मुद्रा यस बैंकमा बुझाउन ल्याउँदा देहाय बमोजिम हुने गरी सटही/खरीद/जम्मा गरिनेछ :-

(क) अमेरिकी डलर ५० (पचास) र सोभन्दा माथि दरका नगद नोटको हकमा कुनै किसिमको कमिशन, शुल्क आदि लिइने छैन ।

(ख) अमेरिकी डलर ५० (पचास) भन्दा कम दरका नगद नोटको हकमा ०.५० (शून्य दशमलव पाँच) प्रतिशतका दरले अमेरिकी डलरमै कमिशन लिइनेछ ।

(ग) अन्य परिवर्त्य विदेशी मुद्राका नगद नोटहरूको हकमा कमिशन प्रयोजनका लागि मात्र प्रचलित विनिमय दरमा अमेरिकी डलरमा परिवर्तन गरी माथि खण्ड (क) र (ख) बमोजिम गरिनेछ ।

(घ) परिवर्त्य विदेशी मुद्राको यात्रु चेकको हकमा प्रचलित विनिमय दरको आधारमा खरीद गरिने र ह्याण्डलिङ्ग चार्ज, कमिशन, शुल्क आदिको हकमा यस बैंकको बैंकिङ्ग कार्यालयबाट तोकिए बमेजिम विदेशी मुद्रामै लिइनेछ ।

(ङ) माथि उल्लेख गरिए बमोजिम प्राप्त परिवर्त्य विदेशी मुद्रामा लाग्ने कमिशन कट्टा गरी बाँकी हुने रकम खातामा जम्मा गर्ने सम्बन्धमा बैंक/वित्तीय संस्था तथा मनिचेञ्जरको अनुरोधमा देहाय बमोजिम गर्न सकिनेछ :-

(१) बैंक/वित्तीय संस्थाको हकमा यस बैंकमा रहेको सम्बन्धित विदेशी मुद्रा खाता वा नेपाली रुपैयाँ खातामा जम्मा गर्ने ।

(२) सम्बन्धित विदेशी मुद्रामा खाता नभएको विदेशी मुद्राको हकमा प्रचलित विनिमय दर बमोजिम हुने रकम नेपाली रुपैयाँ खातामा जम्मा गर्ने ।

(३) मनिचेञ्जरहरूको हकमा सम्बन्धित मनिचेञ्जरको बैंक/वित्तीय संस्थास्थित सम्बन्धित विदेशी मुद्रा वा नेपाली रुपैयाँको खातामा जम्मा हुने गरी रकमान्तर र सम्बन्धित विदेशी मुद्रामा खाता नभएको विदेशी मुद्राको हकमा प्रचलित विनिमय दर बमोजिम हुने रकम नेपाली रुपैयाँको खातामा जम्मा हुने गरी रकमान्तर गर्ने ।

९. यस बैंकबाट मिति २०६३/१२/११, मिति २०६३/१२/११, मिति २०६३/१२/११, मिति २०६४/४/२२, मिति २०६४/४/२२, मिति २०६४/५/२५ मा जारी गरिएका इ.प्रा.परिपत्र संख्या क्रमशः ४२६, ४३३, ४३४, ४५५, ४५६ र ४६१ खारेज गरिएका छन् ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेण्ट बैकर्स एशोसियसन, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाण्डौ ।